जिल्ला कोभिड-१९ व्यवस्थापन समिति (District Covid- 19 Management Committee, DCMC)


गुल्मीद्धारा प्रकाशित

# कोभिड-१९ ई - बुलेटिन

वर्ष २ २०७८ जेठ अंक


नयाँ भेरियन्ट सहितको कोभिड१९ संक्रमणको वर्तमान स्थिति

**गुल्मी (२०७८ जेठ ३१ सम्म)**




**कोरोना भाईरसको संक्रमणको अवस्था**

**नेपाल (२०७८ जेठ ३१ गते सम्म)**




## भनाई

कोभिड-१९ को नयाँ भेरियन्ट सहितको महामारीबाट विश्वनै आक्रान्त भएको र नेपाल तथा यस जिल्ला समेत आक्रान्त भएको छ। संक्रमणको Chain Break गर्न तथा फैलन नदिन जिल्लामा २०७८ असार ७ गते राती सम्म निषेधाज्ञालाई निरन्तरता गरिएको छ । निषेधाज्ञाको समयमा दैनिक जनजिवन असहज हुने भएतापनि थप संक्रमण वृद्धि हुन नदिन तथा उपचार व्यवस्थापनमा ध्यान केन्द्रित गर्न सहयोग पुग्ने विश्वास लिईएको छ । हाल सम्म पछिल्लो नयाँ भेरियन्ट बाट जिल्लामा ३००८ जना संक्रमित भएका, २५०७ जना निको भएका र ८९ जनाको मृत्यु भएको छ । सवै पालिकाहरुमा तथा गुल्मी अस्पतालमा गरी १७५ कोभिड बेड तथा आईसोलेसन रहेका छन् ।कोभिड-१९ को नियन्त्रण रोकथाम तथा उपचारको लागि जिल्ला कोभिड-१९ व्यवस्थापन समिति(DCMC) ले काम गरेको र स्थानीय स्तरमा LEOC कार्यान्वयनमा रहेको छ । महामारीको असहज परिस्थितिमा सहज तुल्याउन समन्वय तथा सहयोग पुर्याउनु हुने सवै स्थानीय तह, राजनैतिक दल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संचारकर्मी, उद्योगी, व्यावसायी, नागरिक समाज, मानवअधिकारकर्मी, लगायत सम्पुर्ण जिल्लावासी महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । महामारीको परिस्थितीमा तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरौं । धैर्यता, संयमता र आत्मवल कायम राखी आफुपनि सुरक्षित रही अरुलाई संक्रमण हुनबाट बचाऔं, विरामीलाई हेला होईन उचित स्याहार, हौसला, मनोवल प्रदान गरौं ।

-रुद्रादेवी शर्मा

प्रमुख जिल्ला अधिकारी

## जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC)

**कोभिड-१९ को रोकथाम नियन्त्रण तथा व्यवस्थापनको लागि आवश्यक निर्णय ,निर्देशन, सिफारिस तथा समन्वयको लागि देहाय बमोजिमका पदाधिकारी रहने गरी जिल्ला कोभिड व्यवस्थापन समिति रहेको छ ।**

| पद | नाम,थर | कार्यालय/संघ/संस्था | सम्पर्क नं. |
|---|---|---|---|
| संयोजक एवं प्र.जि.अ. | श्री रुद्रादेवी शर्मा | जिल्ला प्रशासन कार्यालय, गुल्मी | ९८५७०१७७७७ |
| सदस्य- प्र.उ. | श्री गोपाल चन्द्र भट्टराई | जिल्ला प्रहरी कार्यालय, गुल्मी | ९८५७०१५५५५ |
| सदस्य-जि.स.अ. | श्री विजय कुमार कार्की | जिल्ला समन्वय समिति गुल्मी | ९८५७०२८०६८ |
| सदस्य- सेनानी | श्री डायमण्ड कार्की | संग्राम शार्दुल गुल्म, धागिथुम, गुल्मी | ९८५७०६४८६० |
| सदस्य- स.प्र.ना.उ. | श्री अशोक कुमार लम्साल | स.प्र.बल नेपाल नं. ३७, हे.क्वा. गुल्मी | ९८५११३८८७७ |
| सदस्य- प्र.अ.अ. | श्री सञ्जय भण्डारी | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय गुल्मी | ९८५७०६४२५४ |
| सदस्य- प्र.मे.सु. | श्री उत्तम पच्या | गुल्मी अस्पताल, तम्घास | ९८५७०६७२२४ |
| सदस्य- व.ज.स्वा. उप-प्रशासक | श्री भवानी प्रसाद शर्मा | जिल्ला स्वास्थ्य कार्यालय, गुल्मी | ९८५७०६७१०७ |

## २०७८ जेठ मसान्त सम्म गुल्मी जिल्लामा कोभिड१९ को संक्रमणको स्थिति -

नयाँ भेरियन्ट सहितको कोभिड १९ बाट जेठ मसान्त सम्म गुल्मीमा कुल ३००८ जना संक्रमित भएका छन् भने संक्रमित मध्ये २५०७ जना संक्रमण मुक्त भएका छन् । त्यसै गरी ८९ जनाले ज्यान गुमाएका छन् । स्थानीय तह सहितको जिल्लामा कोभिडको १९ संक्रमणको स्थिति र उपलब्ध आईसोलेसन बेडको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| स्थानिय तह/स्वास्थ्य संस्था | संक्रमित संख्या | निको भएको संख्या | मृत्यु भएको संख्या | आईसोलेसन वेड संख्या |
|---|---|---|---|---|
| मदाने गा.पा. | ७४ | ७३ | ० | १० |
| मालिका गा.पा. | १२६ | १०४ | ५ | ५ |
| ईश्मा गा.पा. | २४३ | १५१ | ९ | २० |
| धुर्कोट गा.पा. | १६६ | १३९ | ७ | ५ |
| मुसिकोट न.पा. | ३४३ | २७६ | ६ | १५ |
| चन्द्रकोट गा.पा. | ९९ | ७९ | ८ | १९ |
| कालीगण्डकी गा.पा. | ३०८ | २४३ | ४ | १० |
| रुरुक्षेत्र गा.पा. | ४०३ | ३५६ | ७ | ९ |
| छत्रकोट गा.पा. | २१० | १५० | ६ | १० |
| गुल्मीदरवार गा.पा. | २१७ | १९९ | ४ | ५ |
| सत्यवती गा.पा. | २६५ | २३२ | १८ | ११ |
| रेसुङ्गा नगरपालिका | ५५४ | ५०५ | १५ | ५६ |
| **जम्मा** | ३००८ | २५०७ | ८९ | १७५ |

*रेसुङ्गा नगरपालिका अन्तर्गत गुल्मी अस्पताल मा २६, रेसुङ्गा अस्पतालमा १० र महेन्द्र मा.वि.मा २० गरी ५६ बेड रहेको ।*

## कोभिड १९ परीक्षण ल्याव

रेसुङ्गा नगरपालिका वडा नं. ९ मा रहेको कोभिड-१९ परीक्षण प्रयोगशालामा जेठ महिना सम्ममा गरिएको परीक्षणको विवरण

१. परीक्षणका लागि प्राप्त कुल नमुना-३२२३
२. परीक्षणबाट पोजेटिभ नतिजा देखिएको संख्या-१२८०
३. परीक्षणबाट नेगेटिभ नतिजा देखिएको संख्या-१९४३




**कोभिड १९ को संक्रमण रुपमा फैलिरहेको छ । यस समयमा अधिकतम सावधानी अपनाई सुरक्षित रहौं। कोभिड १९ सँग मिल्दो जुल्दो लक्षण देखिएमा नजिकैको स्वास्थ्य संस्थामा खवर गरी यथाशीघ्र स्वास्थ्य परीक्षण गराऔं ।**

**- जिल्ला प्रशासन कार्यालय, गुल्मी ।**

### जिल्ला स्थित स्थानिय निकायका प्रमुखहरुको सम्पर्क .नं

| स्थानीय तहको नाम | प्रमुखको नाम | सम्पर्क नं. |
|---|---|---|
| मुसिकोट नगरपालिका | सोमनाथ सापकोटा | ९८५७०६४५०० |
| रेसुङ्गा नगरपालिका | डिल्लीराज भुसाल | ९८५७०२५०१५ |
| मदाने गाउँपालिका | दान बहादुर के.सी. | ९८५७०२७९२५ |
| मालिका गाउँपालिका | रित बहादुर थापा | ९८५७०७२२५५ |
| ईश्मा गाउँपालिका | लक्ष्मण बहादुर विष्ट | ९८५७०७२१०८ |
| धुर्कोट गाउँपालिका | भुपाल पोखेल | ९८५७०६७८४२ |
| चन्द्रकोट गाउँपालिका | द्रोण बहादुर खत्री | ९८५७०६१७५१ |
| कालीगण्डकी गाउँपालिका | बेद बहादुर थापा | ९८५७०६१७०१ |
| रुरुक्षेत्र गाउँपालिका | निलकण्ठ गौतम | ९८५७०६४९०४ |
| गुल्मीदरबार गाउँपालिका | अशोक कुमार थापा | ९८५७०७४४१० |
| छत्रकोट गाउँपालिका | मधुकृष्ण पन्त | ९८५७०६७९८४ |
| सत्यवति गाउँपालिका | पारिश्वर ढकाल | ९८५७०६४००९ |

### जिल्ला स्थित स्थानिय निकायका कार्यालय प्रमुखहरुको सम्पर्क .नं

| स्थानीय तहको नाम | कार्यालय प्रमुखको नाम | सम्पर्क नं. |
|---|---|---|
| मुसिकोट नगरपालिका | खिमानन्द भुसाल | ९८५७०८३७८९ |
| रेसुङ्गा नगरपालिका | भक्तिराम मरासिनी | ९८५७०७३१११ |
| मदाने गाउँपालिका | रुद्र बहादुर पछाई | ९८५७०४९०४९ |
| मालिका गाउँपालिका | दिपक भण्डारी | ९८५७०६७९०६ |
| ईश्मा गाउँपालिका | विष्णु बहादुर घर्ती | ९८५७०६७९१४ |
| धुर्कोट गाउँपालिका | काशिराम पन्थी | ९८५७०६७९१७ |
| चन्द्रकोट गाउँपालिका | अनन्तपाणी मरासिनी | ९८५७०६७९२० |
| कालीगण्डकी गाउँपालिका | बाबुराम पल्ली | ९८५७०६७९२५ |
| रुरुक्षेत्र गाउँपालिका | छत्र बहादुर अधिकारी | ९८५७०६७९१६ |
| गुल्मीदरबार गाउँपालिका | लक्ष्मण पाण्डे | ९८५७०६७९१२ |
| छत्रकोट गाउँपालिका | पुण्य प्रसाद पौडेल | ९८५७०६७९०८ |
| सत्यवति गाउँपालिका | झविश्वर रेग्मी | ९८५७०६७९०३ |

### गुल्मी जिल्ला स्थित स्थानीय तहहरुका स्वास्थ्य संयोजकहरुको सम्पर्क नं.

| स्थानीय तहको नाम | स्वास्थ्य संयोजकको नाम | सम्पर्क नं. |
|---|---|---|
| मुसिकोट नगरपालिका | ढाल बहादुर जि.सी. | ९८५७०६१६८० |
| रेसुङ्गा नगरपालिका | बोम अर्याल | ९८५१२०११२२ |
| मदाने गाउँपालिका | तिर्थराज पन्थी | ९८४७०६१८३६ |
| मालिका गाउँपालिका | बसन्त राज भुसाल | ९८५७०६४९९५ |
| ईश्मा गाउँपालिका | पदमलाल अधिकारी | ९८५७०७२२५३ |
| धुर्कोट गाउँपालिका | प्रेम खनाल | ९८५७०६४७७१ |
| चन्द्रकोट गाउँपालिका | प्रकाश शर्मा अर्याल | ९८५७०६७७३१ |
| कालीगण्डकी गाउँपालिका | चन्द्र बहादुर थापा | ९८५७०८४४१२ |
| रुरुक्षेत्र गाउँपालिका | छत्र बहादुर अधिकारी | ९८५७०३३९२७ |
| गुल्मीदरबार गाउँपालिका | नारायण प्रसाद अर्याल | ९८५७०६१६११ |
| छत्रकोट गाउँपालिका | पुण्य प्रसाद पौडेल | ९८६७१४३५४२ |
| सत्यवति गाउँपालिका | सुर्य राना | ९८५७०६१९८८ |

### जिल्ला स्थित स्वास्थ्य संस्था प्रमुखहरुको सम्पर्क .नं

| | | |
|---|---|---|
| जिल्ला अस्पताल | डा. उत्तम पच्या | ९८५७०६७२२४/९८५११८८८२६ |
| रेसुङ्गा अस्पताल | होम पल्ली | ९८५७०६१६७९ |

## जिल्लास्थित तयारी अवस्थामा रहेका एम्बुलेन्सहरुको विवरण

| सि.नं. | स्थानीयतह | एम्बुलेन्स नं. | एम्बुलेन्स रहने स्थान | एम्बुलेन्स चालकको नाम | चालकको सम्पर्क नम्बर | एम्बुलेन्स संचालक संस्था |
|---|---|---|---|---|---|---|
| १ | इश्मा गा.पा. | लु१झ ३५५ | इश्मा रजस्थल हेल्थ पोष्ट | यमलाल ज्ञवाली | ९८६७४२३९५४ | इश्मा रजस्थल हेल्थ पोष्ट |
| २ | इश्मा गा.पा. | लु.१झ ४०९ | हस्तिचौर हेल्थ पोष्ट | दिपक पाण्डे | ९८६३७७९९२६ | हस्तिचौर हेल्थ पोष्ट |
| ३ | रुरुक्षेत्र गा.पा. | लु१च ३०८२ | रुरु फ्रेन्डस क्लब | गोविन्द ज्ञवाली | ९८४७४७११६८ | रिडी बजार |
| ४. | रुरुक्षेत्र गा.पा. | लु१झ ३७६ | रुरुक्षेत्र गाउँपालिका | विक्रम थापा | ९८६९७९३३०७ | बलेटक्सार |
| ५. | चन्द्रकोट गा.पा. | लु १च ३०४३ | नेपाल रेडक्रस सोसाइटी शान्तिपुर | प्रेम बहादुर थापा | ९८४७०६२८४० | शान्तिपुर |
| ६. | चन्द्रकोट गा.पा. | लु २च ६७३२ | भू.पु. सैनिक | दुर्गा खत्री | ९८६६५८१९३५ | शान्तिपुर |
| ७. | चन्द्रकोट गा.पा. | लु१झ ३२७ | तुराङ्ग स्वास्थ चौकी | भीम बहादुर राना | ९८६६६२३११५ | मजुवा |
| ८. | सत्यवती गा.पा. | लु२च ९०३८ | भारतिय भू.पु. सैनिक लिम्घा | हिरा क्षेत्री | ९८६५४५१५२७ | सत्यवती-४ लिम्घा |
| ९. | मदाने गा.पा. | लु१झ ३१५ | पुर्कोट स्वास्थ्य चौकी | खिम प्रसाद भट्टराई | ९८६०१९७६९४ | पुर्कोटदह |
| १०. | मदाने गा.पा. | लु१झ | सिर्सेनी स्वास्थ्य चौकी | भक्त बहादुर खत्री | ९८६६४९२८८८ | सिर्सेनी |
| ११. | मदाने गा.पा. | लु१झ ४७८ | बाँझकटेरी स्वास्थ्य चौकी | नरभुपाल वि.क. | ९८४०९६३५७६ | बाँझकटेरी |
| १२. | धुर्कोट गा.पा. | लु१झ ३३० | पिपलधारा स्वास्थ्य चौकी | दिपक खड्का | ९८६५५५१६१३ | पिपलधारा |
| १३. | धुर्कोट गा.पा. | लु१झ ५३० | हाडहाडे स्वास्थ्य चौकी | यम बहादुर राना | ९८६०८६०२०३ | हाडहाडे |
| १४. | धुर्कोट गा.पा. | लु१झ ५२९ | धुर्कोट प्रा.स्वा.केन्द्र | चन्द्र बहादुर सामत | ९८४७५७०९०४ | धुर्कोट |
| १५. | धुर्कोट गा.पा. | लु१झ ३०५ | वाग्ला स्वास्थ्य चौकी | वसन्त बहादुर सुनार | ९८४७३२७६५७ | वाग्ला |
| १६. | धुर्कोट गा.पा. | लु१च ४०७२ | वस्तु स्वा.चौकी | मनिराम भण्डारी | ९८१३८४३०६३ | वस्तु |
| १७. | गुल्मीदरबार गा.पा. | लु१झ ३०९ | गुल्मीदरबार गाउँपालिका | महेन्द्र कार्की | ९८४७२३२८८८ | गौडाकोट |
| १८. | गुल्मीदरबार गा.पा. | लु२च ६०६२ | भू.पु. सैनिक विरवास | पदम ढेंगा मगर | ९८६४४०२७४८ | विरवास |
| १९. | मालिका गा.पा. | लु२च ६८८९ | अर्खावाङ्ग स्वास्थ्य चौकी | भुवन भुसाल | ९८६४५५६३३२ | अर्खावाङ्ग |
| २०. | मालिका गा.पा. | लु१झ ४९१ | ह्वाङ्दी स्वास्थ्य चौकी | चुरामणी घर्ती | ९८४५१३३४०४ | ह्वाङ्ग्दी |
| २१. | मालिका गा.पा. | लु२च २३७२ | घमिर स्वास्थ्य चौकी | लोकेन्द्र बहादुर कार्की | ९८४७१९८६९१ | घमिर |
| २२. | कालिगण्डकी गा.पा. | लु२च ८७१८ | भुर्तुङ्ग स्वास्थ्य चौकी | राज कुमार थापा | ९८५७०३४८९७ | भुर्तुङ्ग |
| २३. | कालिगण्डकी गा.पा. | लु१च ६६९७ | रेडक्रस सोसाईटी | गिरी थापा | ९८६४५६५४९० | फोक्सिङ्ग |
| २४. | छत्रकोट गा.पा. | लु१झ २७५ | ऋङ्गा प्राथमिक स्वास्थ्य केन्द्र | मोहन के.सी. | ९८४७०००७३३ | श्रृङ्गा |
| २५. | रेसुङ्गा न.पा. | बा१७च ७६८ | नेपाल रडक्रस सोसाइटी गुल्मी | लाल बहादुर खत्री | ९८६७१३२०३७ | तम्घास |
| २६. | रेसुङ्गा न.पा. | लु १ झ ६१५ | गुल्मी अस्पताल | युवराज बस्नेत | ९८४७११९५३ | गुल्मी अस्पताल |
| २७. | रेसुङ्गा न.पा. | लु१च ४२२१ | रेसुङ्गा हस्पिटल प्रा.लि. गुल्मी | बाबुराम नेपाली | ९८६६६९९६४८ | तम्घास |
| २८. | रेसुङ्गा न.पा.. | लु१च १६०३ | आँखा उपचार केन्द्र तम्घास | सन्तोष सुवेदी | ९८५७०६०५२९ | तम्घास |
| २९. | रेसुङ्गा न.पा. | लु१च ३३६१ | भारतीय भू.पु. सैनिक तम्घास | तिलक सामत | ९८४७१८०८३७ | तम्घास |
| ३०. | रेसुङ्गा न.पा. | लु ३ च ४५९ | भारतीय भू.पु. सैनिक तम्घास | राम बहादुर कुँवर | ९८४७१३४६८१ | तम्घास |
| ३१. | रेसुङ्गा न.पा. | लु१च ७६५५ | तम्घास टेक्निकल शिक्षालय | बम बहादुर थापा | ९८६४५५५५५६ | तम्घास |
| ३२. | रेसुङ्गा न.पा. | लु२च ६७१३ | सामाजिक विकास मञ्च नेपाल | कमल बस्नेत | ९८४४७७१७६५ | तम्घास |
| ३३. | मुसिकोट न.पा. | लु२च १४८० | निस्ती बढीगाढ सा. संस्था | गोविन्द घिमिरे | ९८४७५१७८९३ | नेटा थाम |
| ३४. | मुसिकोट न.पा. | लु२च २३७९ | वडागाउँ स्वास्थ्य चौकी | शंकर बगाले | ९८५७००१३१२ | वडागाउँ |
| ३५. | मुसिकोट न.पा. | लु२च ४७६५ | कुर्घा स्वास्थ्य चौकी | सुजन वि.क. | ९८६६५७९८०० | कुर्घा |
| ३६. | मुसिकोट न.पा. | लु१च ३२१५ | नेपाल रेडक्रस सोसाइटी वामी | | | वामी |
| ३७. | मुसिकोट न.पा. | लु२च ५१७ | अर्लाङ्गकोट सेवा समाज जापान | प्रेम गौतम | ९८६७२२२६१२ | अर्लाङ्गकोट |
| ३८. | मुसिकोट न.पा. | लु१झ ४८७ | वामीटक्सार स्वास्थ्य चौकी | मनोज विश्वकर्मा | ९८४०९६२३५४ | वामीटक्सार |

# DCMC, गुल्मीको बैठकका निर्णयहरु

## मिति २०७८/०२/०३ गते

१. कोभिड-१९को नयाँ भेरियन्टबाट विश्वनै आक्रान्त छ । नेपालमा उच्चदरमा संक्रमण बढेको तथा यस जिल्लामा पनि संकर्मणको दर तथा मृत्युदरमा वृद्धि भएको छ ।नयाँ भेरियन्ट सहितको कोभिड-१९को रोकथाम तथा नियन्त्रणको लागि हालसम्म भएका कार्यहरुको समीक्षा गरियो । आजको मिति सम्म १२ बजे सम्मको रेकर्ड बमोजिम ५२ जना संक्रमीतको मृत्यु भएको , जिल्लामा १०३८ सकृय संक्रमित रहेकोमा ।CU मा उपचाररत संख्या-४, भेन्टिलेटरमा उपचाररत संख्या- १, आइसोलेसनमा उपचाररत संख्या-४४ तथा ९८९ होम आइसोलेसनमा रहेका र २०६ जना निको भएका छन् । मृत्यु भएका मध्ये ५ जनाको नेपाली सेनाबाट शव व्यवस्थापन भएको छ भने अन्य ४७ जनाको आफन्तहरुले व्यवस्थापन गरेका छन् । हालसम्म गुल्मी अस्पतालमा २६ वेड, रेसुङ्गा अस्पताल-१०, रेसुङ्गा न.पा. (महेन्द्र मा.वि-२०)-२०, मुसिकोट न.पा.-१५, मालिका गा.पा.-५, मदाने गा.पा.-१०, धुर्कोट गा.पा.-५, कालिगण्डकी गा.पा.-१०, चन्द्रकोट गा.पा.-१९, सत्यवती गा .पा.-११, रुरुक्षेत्र गा .पा.-९, छत्रकोट गा.पा.-६, इश्मा गा.पा.-२० र गुल्मीदरवार गा.पा.-५ गरी जम्मा १७१ आइसोलेसन बेड तयार भई संचालनमा रहेका छन् । जिल्लाभर जम्मा अक्सिजन सिलिण्डर संख्या २२३ जसमध्ये भरी ९६ र खाली १२७ रहेका छन् ।

२. रेसुङ्गा न.पा. र रेसुङ्गा अस्पताल बीच सम्झौता गरी १० वेड क्षमताको कोभिड अस्थायी अस्पताल तयार भई सञ्चालनमा आएकोमा बिरामीको चाप बढ्दै गएकोले थप १० वेड विस्तार गर्न अनुरोध गर्ने ।

३. सदरमुकाम स्थित गुल्मी अस्पताल लगायत कोभिड उपचार केन्द्रमा विरामीको चाप बढ्दा अक्सिजन अभाव र जनशक्तिको कमी भएकोले उपचार शुरु नभएका पालिकाबाट जनशक्ति र अक्सिजन गुल्मी अस्पतालमा पठाउन सबै पालिकालाई अनुरोध गर्ने । जिल्ला सदरमुकाममा चाप विस्तारै हुँदै गएमा सबै पालिकाको सहयोगमा जिल्लामा वेड क्षमता , जनशक्ति र अक्सिजनको व्यवस्था गर्ने ।

४.जिल्लामा अक्सिजन सिलिण्डरको अभाव भएकोले व्यक्तिगत प्रयोजनमा कसैले सिलिण्डर नराख्ने र कसैले राखेको भए त्यस्ता सिलिण्डरको थप खोजी गरी नियन्त्रणमा लिने कार्य जिल्ला प्रहरी कार्यालयले गर्ने ।

५.जिल्लामा अक्सिजन सिलिण्डरको कमी भएको ले ३० भरी सिलिण्डर आपूर्तीको लागि प्रदेश सरकार र स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने ।

६.सबै पालिकाको जोखिमयुक्त क्षेत्रमा लक्षण देखिएका बिरामीलाई परामर्श /परिक्षण गर्ने व्यवस्था मिलाउन पालिकालाई अनुरोध गर्ने र यसको संयोजन स्वास्थ्य कार्यालयले गर्ने ।

७. गुल्मी अस्पतालमा अक्सिजन प्लान्ट जडान गर्ने सम्बन्धमा गुल्मी अस्पतालले आवश्यक क्षमता , लागत, संचालन खर्च , जनशक्ति लगायतको विषयमा लागत अनुमान तयार गरी आजको मितिले ३ दिनभित्र पेश गर्ने ।

८.मिति २०७८/१/२५ देखी २०७८/२/४ गते राती सम्म लगाइएको निशेधाज्ञालाई संक्रमणको अवस्था कायमै रहेकोले मिति २०७८ जेठ ०४ गते मंगलवार राती १२ बजेदेखी २०७८ जेष्ठ १५ गते शनिवार राती १२ बजेसम्म निशेधाज्ञा लगाउन प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गर्ने ।

**९.निषेधाज्ञा अवधिभर देहाय बमोजिम गर्ने ।**

क. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।

ख. सबै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन गर्न निषेध गर्ने।

ग. विद्यालय, शिक्षालय, तालिमकेन्द्र, सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, व्युटी पार्लर, शैलुन, सुनचांदी पसल, टेलरिङ्ग, फुटपाथ पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने ।

घ. मठ मन्दिरहरु तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा बाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु बन्द गर्ने ।

ङ. एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधनहरु, क्वारेन्टिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारीसाधन, अत्यावश्यक सेवाका सवारी साधन, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक गुल्मी जिल्लाभर यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने । जिल्ला बाहिर निर्माण तथा खाद्यसामाग्रीका सवारी साधन २०७८ जेठ ७ गते, १० गते र १३ गते मात्र सञ्चालन गर्न पाउने ।

च. विवाह, व्रतवन्ध, धार्मिक सामाजिक कार्य , देवाली तथा कुलपुजाको कार्यक्रम नगर्ने ।

छ. औषधी एवम् स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने ।अत्यावश्यक दैनिक उपभोगका सामग्री जस्तै पेट्रोलियम पदार्थ, दुध, पानी, ग्यांसका पसलहरु दिनमा १ पटकमात्र विहान ७.०० वजेबाट ९.०० वजेसम्म मात्र संचालन गर्न पाउने तर खाद्यान्न फलफुल , तरकारी, माछा, मासु, निर्माण सामाग्री निशेधाज्ञा अवधिमा २०७८ जेठ ७ गते, १० गते र १३ गते बिहान ७ बजेदेखि ९ बजे सम्म सञ्चालन गर्न पाउने ।

ज. निर्माण सामाग्री ढुवानीका साधनहरु जिल्लाभित्र बेलुका ६ बजेदेखी बिहान ७ बजे सम्म मात्र चल्न पाउने ।

झ. स्वास्थ सुरक्षा, संचार, विद्युत, खानेपानी, दमकल बाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालय बाट प्रदान गरिने सवै प्रकारका सेवाहरु बन्द गर्ने ।

ञ. अत्यावश्यकीय तथा मानवीय कार्यका लागि बाहेक बैंक तथा वित्तिय संस्था (बिमा कम्पनी, सहकारी समेत) को सेवा बन्द गर्ने ।

ट. अत्यावश्यक उपभोग्य तथा खाद्यवस्तुको आपूर्तीको व्यवस्था गुल्मी उद्योग वाणिज्य संघ तथा च्याम्बर्स अफ कमर्सले मिलाउने ।

ठ.आयोजनामा काम गर्ने कामदारलाई कार्यस्थलमै रहने व्यवस्था मिलाई विकास निर्माणका आयोजना सुचारु गर्ने ।

ड.निषेधाज्ञा अवधिभर अत्यावश्यक सेवा बाहेक अन्य प्रयोजनको लागि सवारी पास जारी नहुने । अत्यावश्यक कामको लागि जारी हुने सवारी पास इलेक्ट्रोनिक माध्यमबाट मात्र हुने ।

ढ. औषधी तथा अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तीमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, लुकाउने, सहज आपूर्तीमा अवरोध गर्ने उपर कारवाही गरिनेछ ।







बैठकमा उपस्थित सहभागीहरु

## मिति २०७८/२/१३ गते

१. कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ को प्रावधानको सम्बन्धमा जानकारी भयो ।

२. यस जिल्लाको कोभिड- १९ परिक्षण प्रयोगशालाबाट हालसम्म परिक्षण १६८४ भएको र ६४४ जनामा संक्रमण पुष्टि भएको छ । जिल्लामा आजको १२ बजे सम्मको रेकर्ड बमोजिम ७५ जना संक्रमीतको मृत्यु भएको , ६९३ सकृय संक्रमित रहेकोमा ICU मा उपचाररत संख्या- ०, भेन्टिलेटरमा उपचाररत संख्या-१, आइसोलेसनमा उपचाररत संख्या-३३ तथा ६६० होम आइसोलेसनमा रहेका र १२५८ जना निको भएका छन् । मृत्यु भएका मध्ये १७ जनाको नेपाली सेनाबाट शव व्यवस्थापन भएको छ भने अन्य ५८ जनाको आफन्तहरुले व्यवस्थापन गरेका छन् । जिल्लाभर १७१ आइसोलेसन बेड तयार भई संचालनमा रहेका छन् भने अक्सिजन सिलिण्डर संख्या- २६२ जसमध्ये भरी १५७ र खाली १०५ रहेका छन् ।

३. यस वर्षको मनसुन शुरु भएकोले बाढी पहिरो गई सडक अवरुद्ध हुँदा एम्बुलेन्स लगायत अत्यावश्यक आवतजावत तथा ढुवानीको लागि अवरोध सिर्जना हुन सक्ने भएकोले आयोजना कार्यालय तथा निर्माण व्यवसायीहरुले स्थानीय तहहरुसँग समन्वय गरी डोजरहरु तुरुन्तै प्रयोगमा ल्याउने व्यवस्था मिलाउने, अवरुद्ध सडक तुरुन्तै खुलाउने व्यवस्था सुरक्षा निकायले मिलाउने । सबै निर्माण व्यवसायीले डोजर रहने स्थान तथा सम्बन्धीत व्यक्तिको सम्पर्क नं . जिल्ला प्रशासन कार्यालयको email मा पठाउने ।

४. कृषि ज्ञान केन्द्रले जिल्लामा मल बिउको अभाव हुन नदिन स्थानीय तहसँग समन्वय तथा सहजीकरण गर्ने, प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजनाले आयोजनामा आधारित कृषि कार्यको लागि विउ विजन , उपकरण लगायत अन्य काममा किसानहरुलाई सहजीकरण गर्ने ।

५. कोभिड उपचार रोकथाम तथा नियन्त्रणको नाममा स्वैच्छिक रुपमा रकम जम्मा गर्न चाहेमा राष्ट्रिय वाणिज्य बैंक सिंहदरवार परिसर शाखामा रहेको कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषको खाता नं . १९६०००००११०१ मा रकम जम्मा गर्न सकिने जानकारी पहिल्यै जानकारी गराइसकिएको छ । कोही कसैले आफू खुसी रकम संकलन गर्ने कार्यलाई पूर्ण रुपमा रोक लगाईएको छ । आफू खुसी अभियान संचालन गरी रकम जम्मा गरेको पाइएमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ बमोजिम कारवाही गरिनेछ ।

६. कोभिड-१९ को उपचारको लागि स्वास्थ्य संस्थाहरुलाई सहयोग गर्न चाहने विभिन्न संघ /संस्था तथा निकायबाट जिल्ला कोभिड व्यवस्थापन स मिति (DCMC) वा प्रमुख जिल्ला अधिकारीको जानकारी तथा समन्वयमा मात्र स्वास्थ्य उपकरण वितरण गर्ने व्यवस्था मिलाउने ।

७. प्रत्येक स्थानीय तहको पायक पर्ने स्थानमा परिक्षण केन्द्र तोकी एन्टिजेन परीक्षणको दायरालाई बढाउने र प्रयोगशालामा PCR परिक्षणको लागि स्थानीय तहहरु सँग समन्वय गरी प्राथमिकताको आधारमा परीक्षण गर्ने व्यवस्था स्वास्थ्य कार्यालयले गर्ने ।

८. कोभिड-१९ को संक्रमणको जोखिम कायम रहेकोले मिति २०७८/०२/४ गते राती १२:०० बजे देखी २०७८/०२/१५ गते राती १२:०० बजेसम्म लगाइएको निषेधाज्ञालाई २०७८/०२/१५ गते शुक्रवार राती १२:०० बजे देखी २०७८/०२/२४ गते सोमवार राती १२:०० बजेसम्म निरन्तरता दिने गरी प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गर्ने ।

९. निषेधाज्ञाको अवधिमा हुने कृतिम अभाव, मूल्यवृद्धि नियन्त्रण गरी सहज आपूर्तीको व्यवस्था गर्न स्थानीय तहहरुबाट अनुगमन गर्न अनुरोध गर्ने ।

१०.निषेधाज्ञा अवधिभर देहाय बमोजिम गर्ने ।

देहाय:

- निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।

- सबै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन गर्न निषेध गर्ने।
- विद्यालय, शिक्षालय, तालिम केन्द्र, सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, व्युटी पार्लर, शैलुन, सुनचांदी पसल, टेलरिङ्ग, फुटपाथ पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्न
- मठ मन्दिरहरु तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा वाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु बन्द गर्ने ।
- एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधनहरु , क्वारेन्टिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारीसाधन, अत्यावश्यक सेवाका सवारी साधन, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक गुल्मी जिल्लाभर यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने ।
- विवाह, व्रतवन्ध, धार्मिक सामाजिक कार्य, देवाली तथा कुलपुजाको कार्यक्रम नगर्ने ।
- औषधी एवम् स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने। अत्यावश्यक दैनिक उपभोगका सामग्री जस्तै पेट्रोलियम पदार्थ, दुध, पानी, ग्याँस, खाद्यान्न फलफुल, तरकारी, माछा, मासु, निर्माण सामाग्री निशेधाज्ञा अवधिमा बिहान ९ बजे सम्म सञ्चालन गर्न पाउने ।
- निर्माण सामाग्री ढुवानीका साधनहरु चल्न पाउने ।
- स्वास्थ सुरक्षा, संचार, विद्युत, खानेपानी, दमकल बाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालय बाट प्रदान गरिने सबै प्रकारका सेवाहरु बन्द गर्ने ।
- अत्यावश्यकीय तथा मानवीय कार्यका लागि बाहेक बैंक तथा वित्तिय संस्था (बिमा कम्पनी, सहकारी समेत) को सेवा बन्द गर्ने ।
- अत्यावश्यक उपभोग्य तथा खाद्यवस्तुको आपूर्तीको व्यवस्था गुल्मी उद्योग वाणिज्य संघ , मुसिकोट नगर उद्योग वाणिज्य संघ तथा च्याम्बर्स अफ कमर्सले मिलाउने ।
- आयोजनामा काम गर्ने कामदारलाई कार्यस्थलमै रहने व्यवस्था मिलाई विकास निर्माणका आयोजना सुचारु गर्ने ।
- निषेधाज्ञा अवधिभर अत्यावश्यक सेवा बाहेक अन्य प्रयोजनको लागि सवारी पास जारी नहुने । अत्यावश्यक कामको लागि जारी हुने सवारी पास इलेक्ट्रोनिक माध्यमबाट मात्र हुने ।
- औषधी तथा अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तीमा कृत्रिम अभाव सिर्जना गर्ने , मूल्यवृद्धि गर्ने, लुकाउने, सहज आपूर्तीमा अवरोध गर्ने उपर कारवाही गरिनेछ ।





## मिति २०७८/०२/२२ गते बसेको DCMC गुल्मीको बैठकको निर्णय

१. लुम्बिनी प्रदेशका माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भोज प्रसाद श्रेष्ठज्यू , माननीय प्रदेश सभा सदस्य श्री कमल राज श्रेष्ठज्यू र माननीय प्रदेश सभा सदस्य श्री खड्ग बहादुर खत्रीज्यूलाई जिल्ला कोभिड व्यवस्थान समिति (DCMC), गुल्मीको तर्फबाट गुल्मी जिल्लामा स्वागत गरियो ।

२. यस जिल्लामा कोभिड- १९ को नयाँ भेरियन्टको हालसम्म परिक्षण (पिसिआर तथा एन्टीजेन परीक्षण गरी ) ५६७५ भएको र २५९० जनामा संक्रमण पुष्टि भएको छ । जिल्लामा आजको २ बजे सम्मको रेकर्ड बमोजिम ८४ जना संक्रमीतको मृत्यु भएको , ५८६ सकृय संक्रमित रहेकोमा आइसोलेसनमा उपचाररत संख्या -२२ तथा ५६४ होम आइसोलेसनमा रहेका र १९२० जना निको भएका छन् । मृत्यु भएका मध्ये १९ जनाको नेपाली सेनाबाट शव व्यवस्थापन भएको छ भने अन्य ६५ जनाको आफन्तहरुले व्यवस्थापन गरेका छन् । जिल्लाभर १७१ आइसोलेसन बेड तयार भई संचालनमा रहेका छन् भने अक्सिजन सिलिण्डर संख्या-२७७ जसमध्ये भरी १६५ र खाली ११२ रहेका छन् ।

३. प्रत्येक स्थानीय तहको पायक पर्ने स्थानमा परिक्षण केन्द्र तोकी एन्टिजेन परीक्षणको दायरालाई बढाउने र यसको समन्वय स्वास्थ्य कार्यालयले गर्ने । एकै टोल /वडामा परीक्षणको २०% भन्दा बढी संक्रमित देखिएमा टोल /वडा सिल गर्ने र एउटा टोल तथा वडाबाट अर्को टोल तथा वडामा आवतजावत हुन नदिने ।

४. स्थानीयतहबाट ज्येष्ठ नागरिक , गर्भवती महिला , नवजात शिशु, असहाय अशक्तहरुलाई अस्पताल तथा स्वास्थ्य संस्थामा आवत जावतको लागि सहजीकरण गरिदिनुहुन अनुरोध गर्ने ।

५. गुल्मी अस्पताल कोभिड- १९परिक्षण प्रयोगशालालाई परीक्षणको लागि आवश्यक किट तथा संचालन खर्चको लागत अनुमान गुल्मी अस्पतालले तयार गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने ।प्रयोगशालालाई दिर्घकालीन सम्म संचालन अनुमतीको लागि प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

६. अक्सिजन प्लान्ट स्थापना तथा आइ.सि.यु. स्थापनाको लागि गुल्मी अस्पतालले प्रक्रिया शिघ्र अगाडी बढाउने ।

७. आर्थिक वर्ष २०७७/०७८ अन्तिम हुन लागेकोले संघ , प्रदेश तथा स्थानीयतहका कार्यालय प्रमुख/आयोजना प्रमुखले विकास आयोजनको निर्माण कार्यलाई तिव्रता दिई पूँजीगत खर्च बढाउने ।

८. यस वर्षको मनसुन सुरु भएकोले मनुसनबाट हुन सक्ने विपद् बाट उद्धार गर्नको लागि सामुदायिक भवन , स्कुल, कलेजका भवनलाई आश्रयस्थल बनाउने गरी पहिचान गर्न स्थानीयतहलाई अनुरोध गर्ने ।

९. निषेधाज्ञाको कारण रोजगारी गुमाएका, दैनिक गुजारा गर्न नसक्ने असहाय , विपन्नको लागि सबै स्थानीयतहको वडाहरुबाट लगत संकलन गर्ने । राहत दिन चाहने संघ/संस्था तथा निकायले स्थानीय तहको समन्वयमा वडाले पहिचान गरेका लक्षित वर्गलाई मात्र राहत वितरण गर्ने , आफूखुशी रकम संकलन गरी राहत बाढ्ने कार्य बन्द गर्ने ।

१०.कोभिड-१९ को संक्रमणको जोखिम कायम रहेकोले मिति २०७८/०२/१५ गते शुक्रबार राती १२:०० बजे देखी २०७८/०२/२४ गते सोमबार राती १२:०० बजेसम्म लगाइएको निषेधाज्ञालाई २०७८/०२/२४ गते सोमबार राती १२:०० बजे देखी २०७८/०२/३१ गते सोमबार राती १२:०० बजेसम्म निरन्तरता दिने गरी प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गर्ने ।

११.निषेधाज्ञाको अवधिमा हुने कृत्रिम अभाव , मूल्यवृद्धि नियन्त्रण ग री सहज आपूर्तीको व्यवस्था गर्न स्थानीय तहहरुबाट अनुगमन गर्न अनुरोध गर्ने ।

१२.निषेधाज्ञा अवधिभर देहाय बमोजिम गर्ने ।

देहाय:

- ✓ निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।
- ✓ सवै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन गर्न निषेध गर्ने।
- ✓ विद्यालय, शिक्षालय, तालिम केन्द्र, सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, व्युटी पार्लर, शैलुन, सुनचांदी पसल, टेलरिङ्ग, फुटपाथ पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने ।
- ✓ मठ मन्दिरहरु तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा वाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु बन्द गर्ने ।
- ✓ एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधनहरु, क्वारेन्टिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारीसाधन , अत्यावश्यक सेवाका सवारी साधन , प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक गुल्मी जिल्लाभर यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने ।
- ✓ विवाह, व्रतवन्ध, धार्मिक सामाजिक कार्य, देवाली तथा कुलपुजाको कार्यक्रम नगर्ने । औषधी एवम् स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने। अत्यावश्यक दैनिक उपभोगका सामग्री जस्तै पेट्रोलियम पदार्थ, दुध, पानी, ग्याँस, खाद्यान्न फलफुल, तरकारी, माछा, मासु, निर्माण सामाग्री निषेधाज्ञा अवधिमा ७ बजेदेखी बिहान १० बजे सम्म सञ्चालन गर्न पाउने ।
- ✓ स्वास्थ्य सुरक्षा, संचार, विद्युत, खानेपानी, दमकल बाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालय बाट प्रदान गरिने सवै प्रकारका सेवाहरु बन्द गर्ने ।
- ✓ बैंक (बिमा कम्पनी, वित्तिय संस्था तथा सहकारी बाहेक) हरु बिहान ७ बजेदेखी बिहान १० बजेसम्म सञ्चालन हुने ।
- ✓ अत्यावश्यक उपभोग्य तथा खाद्यवस्तुको आपूर्तीको व्यवस्था गुल्मी उद्योग वाणिज्य संघ, मुसिकोट नगर उद्योग वाणिज्य संघ तथा च्याम्बर्स अफ कमर्सले मिलाउने ।
- ✓ आयोजनामा काम गर्ने कामदारलाई कार्यस्थलमै रहने व्यवस्था मिलाई विकास निर्माणका आयोजना सुचारु गर्ने ।
- ✓ निषेधाज्ञा अवधिभर अत्यावश्यक सेवा बाहेक अन्य प्रयोजनको लागि सवारी पास जारी नहुने । अत्यावश्यक कामको लागि जारी हुने सवारी पास इलेक्ट्रोनिक माध्यमबाट मात्र हुने ।
- ✓ औषधी तथा अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तीमा कृत्रिम अभा व सिर्जना गर्ने , मूल्यवृद्धि गर्ने , लुकाउने, सहज आपूर्तीमा अवरोध गर्ने उपर कारवाही गरिनेछ ।

## मिति २०७८/०२/३१ गते बसेको DCMC गुल्मीको बैठकको निर्णयहरु

१. यस जिल्लामा कोभिड-१९ को नयाँ भेरियन्टको हालसम्म परिक्षण (पिसिआर तथा एन्टीजेन परीक्षण गरी ) ७३०० भएको र २९८३ जनामा संक्रमण पुष्टि भएको छ । जिल्लामा मिति ०७८/०२/३० गते सम्मको रेकर्ड बमोजिम ८९ जना संक्रमीतको मृत्यु भएको, ४८० सकृय संक्रमित रहेकोमा आइसोलेसनमा उपचाररत संख्या -१० तथा ४७० होम आइसोलेसनमा रहेका र २४१४ जना निको भएका छन् । मृत्यु भएका मध्ये २१ जनाको नेपाली सेनाबाट शव व्यवस्थापन भएको छ भने अन्य ६८ जनाको आफन्तहरुले व्यवस्थापन गरेका छन् । जिल्लाभर १७१ आइसोलेसन बेड तयार भई संचालनमा

रहेका छन् भने अक्सिजन सिलिण्डर संख्या- २९७ जसमध्ये भरी २०६ र खाली ९१ रहेका छन् ।

२. निषेधाज्ञाको कारण रोजगारी गुमाएका, दैनिक गुजारा गर्न नसक्ने असहाय , विपन्नको लागि सबै स्थानीयतहको वडाहरुबाट लगत संकलन गर्ने। राहत दिन चाहने संघ/संस्था तथा निकायले स्थानीय तहको समन्वयमा वडाले पहिचान गरेका लक्षित वर्गलाई मात्र राहत वितरण गर्ने, आफूखुशी रकम संकलन गरी राहत बाड्ने कार्य बन्द गर्ने ।

३. स्वास्थ्यकर्मीहरु बिदामा रहेका भए जिम्मेवारीमा फर्किन लगाउने ।

४. व्यापारीहरु, होटलमा कार्यरत कर्मचारी , अत्यावश्यक सेवामा कार्यरत व्यक्तिहरु , बैंकमा कार्यरत कर्मचारीहरु , जोखिमस्थान जस्तै हजाम लगायत स मुदायमा लक्षण देखिएको आधारमा परीक्षणको दायरा बढाउने ।यसको समन्वय उद्योग वाणिज्य संघ, च्याम्बर्स अफ कमर्स, औषधी व्यवसायी संघ तथा कार्यालय प्रमुखहरुले गर्ने ।

५. जिल्लामा विभिन्न निकाय तथा संघ /संस्थाहरुबाट स्वास्थ्य सामाग्री (अक्सिजन सिलिण्डर , कन्सन्टेटर, अन्य सामाग्रीहरु) प्राप्त भएकोले सामाग्री प्रदान गर्ने निकाय र सामाग्रीको विवरण सम्बन्धीत निकायले जिल्ला प्रशासन कार्यालयमा पठाउने र स्वास्थ्य सामाग्री (PPE, मास्क, स्यानीटाइजर) को प्रयोग मितव्ययीरुपमा गर्ने ।

६. मिति २०७८/०२/२२ गतेको निर्णयानुसार सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित ३ सदस्यीय टीमले तयार गरेको कोभिड- १९ परीक्षण प्रयोगशाला संचालन सम्बन्धी प्रतिवेदन थप परिमार्जन गरी संघ तथा प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउने ।

७. कोभिड-१९ को संक्रमणको जोखिम कायम रहेकोले मिति २०७८/०२/२४ गते सोमबार राती १२:०० बजे देखी २०७८/०२/३१ गते सोमबार राती १२:०० बजेसम्म लगाइएको निषेधाज्ञालाई २०७८/०२/३१ गते सोमबार राती १२:०० बजे देखी २०७८/०३/०७ गते सोमबार राती १२:०० बजेसम्म निरन्तरता दिने गरी प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गर्ने । निषेधाज्ञा अवधिभर दे हाय बमोजिम गर्ने ।

**<u>देहायः</u>**

- निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।
- सबै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न, मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन गर्न निषेध गर्ने।
- विद्यालय, शिक्षालय, तालिम केन्द्र, सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, व्युटी पार्लर, शैलुन, सुनचांदी पसल, कपडा तथा फेन्सी पसल, जुत्ता पसल, भाँडा पसल, टेलरिङ्ग, फुटपाथ पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने ।
- मठ मन्दिरहरु तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा वाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु बन्द गर्ने ।
- एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना , कृषि मल तथा बीउ , पुस्तक बोकेका सवारी साधन, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ , निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु , औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधनहरु, क्वारेन्टिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारीसाधन, अत्यावश्यक सेवाका सवारी साधन, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक गुल्मी जिल्लाभर यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने ।
- विवाह, व्रतवन्ध, मृत्यु संस्कार जस्ता संस्कार तथा सामाजिक कार्यमा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी घर परिवारका सदस्य १० जना नबढ्ने गरी निजी घरमा सम्पन्न गर्ने ।होटल तथा पार्टी पसलमा संचालन नगर्ने ।
- औषधी एवम् स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने। अत्यावश्यक दैनिक उपभोगका सामग्री जस्तै पेट्रोलियम पदार्थ , दुध, पानी, ग्यौंस, खाद्यान्न फलफुल ,

तरकारी, माछा, मासु, निर्माण सामाग्री, पशुपन्छीका दाना, एग्रोभेट, स्टेशनरी, पुस्तक पसल निषेधाज्ञा अवधिमा बिहान ७ बजेदेखी बिहान ११ बजे सम्म सञ्चालन गर्न पाउने ।

- स्वास्थ्य सुरक्षा, संचार, विद्युत, खानेपानी, भेटेनरी, दमकल बाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालय बाट प्रदान गरिने सवै प्रकारका सेवाहरु बन्द गर्ने । सरकारी कार्यालयहरुले आन्तरीक कार्य संचालन गर्ने ।
- कार्यालयबाट मात्र सेवा प्रवाह गर्ने गरी बैंक, बिमा कम्पनी, वित्तिय संस्था तथा सहकारीहरु बिहान ७ बजेदेखी बिहान ११ बजेसम्म सञ्चालन हुने ।
- सवारी साधन मर्मतका लागि वर्कसपहरु साँझ ७ बजेसम्म संचालन गर्ने ।
- शैक्षिक संस्थाहरुले अनलाइन र भर्चुअल माध्यमबाट पठन पाठन कार्यहरु संचालन गर्न सक्ने ।
- अत्यावश्यक उपभोग्य तथा खाद्यवस्तुको आपूर्तीको व्यवस्था गुल्मी उद्योग वाणिज्य संघ, मुसिकोट नगर उद्योग वाणिज्य संघ तथा च्याम्बर्स अफ कमर्सले मिलाउने ।
- राष्ट्रिय गौरवका र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा काम गर्ने कामदारलाई कार्यस्थलमै रहने व्यवस्था मिलाई विकास निर्माणका आयोजना सुचारु गर्ने ।
- स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा, सामुदायीक स्वास्थ्य केन्द्र अनिवार्य रुपमा खोली आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने ।
- अत्यावश्यक सेवामा प्रयोग हुने स वारी साधन बाहेक अन्य सवारी साधन नचलाउने , बिरामी ओसारपसार तथा मृत्यु संस्कारमा प्रशासनको अनुमती लिने, अनुमती लिन तत्काल सम्भव नभए सुरक्षाकर्मीलाई मौखीक जानकारी गराएर मात्र हिड्ने ।
- निषेधाज्ञा अवधिभर अत्यावश्यक सेवा बाहेक अन्य प्रयोजनको लागि सवारी पास जारी न हुने । अत्यावश्यक कामको लागि जारी हुने सवारी पास इलेक्ट्रोनिक माध्यमबाट मात्र हुने ।
- औषधी तथा अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तीमा कृत्रिम अभाव सिर्जना गर्ने , मूल्यवृद्धि गर्ने , लुकाउने, सहज आपूर्तीमा अवरोध गर्ने उपर कारवाही गरिनेछ ।

## कोभिड खोप अभियान (भेरोसेल प्रथम डोज ६२-६४ उमेर समुह)

-जिल्ला जनस्वास्वास्थ्य कार्यालय गुल्मी ।

प्रदेश सरकार प्रदेश नं.५ लुम्बिनी प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रबाट प्राप्त भेरो सेल भ्याक्सिन गुल्मी जिल्लाका ६२-६४ वर्षका ४७१५ जना नागरिकहरूलाई जेष्ठ महिनाको २५,२६,२७ र २८ गते लगाउने कार्य सम्पन्न भयो । यो भ्याक्सिन नेपालमा आकस्मिक प्रयोगको लागी नेपालको नियामन निकाय (औषधी व्यवस्था विभाग) ले २०७७ फागुन ५ गते अनुमति दिएको थियो, साथै विश्व स्वास्थ्य संगठनले २०७८ वैशाख २४ गते सुचिकृत गरेको थियो सो अभियानमा रेसु ङ्गा नगरपालिका ५८२ जना, मुसिकोट न.पा.का ५५५ जना, मालिका गा.पा.का ३६० जना, मदाने गा.पा.का ३६४ जना, धुर्कोट गा.पा. का ३७३ जना, कालिगण्डकी गा.पा.का ३१७ जना, चन्द्रकोट गा.पा.का ३६९ जना, सत्यवति गा.पा.का ४०४ जना, रूरू क्षेत्र गा.पा.का ३१३ जना, छत्रकोट गा.पा.का ३६१ जना, इश्मा गा.पा.का ३४८ जना, गुल्मीदरबार गा.पा.का ३६९ जना गरेर कुल ४७१५ जनाले खोप प्राप्त गरेका छन् । यसको दोस्रो डोज १ महिना पछाडि प्राप्त गर्नेछन् ।

# गतिविधीहरु

## स्वास्थ्य सामाग्री हस्तान्तरण

जिल्ला प्रशासन कार्यालय गुल्मीले कोभिड- १९ संक्रमण फैलिरहेको बेला पनि फ्रन्टलाईनमा बसेर काम गर्ने पत्रकार , सुरक्षा निकायहरु लाई स्वास्थ्य सुरक्षा सामाग्रीहरु हस्तान्तरण गरेको छ । प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्मा ज्यूले जिल्ला स्थित चारवटै सुरक्षा निकायका प्रमुखहरु र पत्रकारहरुलाई फेससिल्ड , मास्क, स्यानीटाईजर, ग्लोब्स लगायतका स्वास्थ्य सुरक्षाका सा माग्रीहरु प्रदान गर्नु भएको हो।

जोखिमका बाबजुत पनि कोभिड महामारीको सम यमा फ्रन्टलाईनमा बसेर काम गरिरहेका सुरक्षा निकायहरु र पत्रकारहरुलाई जोखिम न्युनीकरणका लागि र उच्च मनोबलका साथ कार्य गर्न थप हौसला कायम गराउने उदेश्यका साथ सानो सहयोग स्वरुप स्वास्थ्य सामाग्रहरु हस्तान्तरण गरिएको थियो । सो हस्तान्तरण कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्मा , सहायक प्रमुख जिल्ला अधिकारी श्री नारायण प्रसाद भण्डारी, प्रशासकीय अधिकृत श्री उद्धव पन्थी , जिल्ला प्रहरी कार्यालय प्रमुख श्री गोपालचन्द्र भट्टराई , सशस्त्र प्रहरी बल नेपाल नं . ३७ गुल्मका प्रमुख श्री अशोक कुमार लम्साल, संग्राम शार्दुल गुल्मका गुल्मपति श्री डायमण्ड कार्की तथा पत्रकार महासंघ गुल्मीका अध्यक्ष तथा पदा धिकारीहरुको सहभागिता रहेको थियो ।



*सामाग्री हस्तान्तरण गर्दै प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्मा लगायत*


## जुम मिटिङ्ग सम्पन्न

नयाँ भेरियन्ट सहितको कोभिड - १९ रोकथाम, नियन्त्रण तथा उपचारका सन्दर्भमा जिल्ला स्थित १२ वटै स्थानीय तहहरु, जिल्ला स्थित अन्य सरकारी कार्यालयहरु र सरोकारवालाहरु सँग प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माज्यूको अध्यक्षतामा जुम बैठक सम्पन्न गरिएको छ ।मिति २०७८/२/२४ गते जुमको माध्यमबाट आयोजना गरिएको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा कोभिड -१९ सन्दर्भमा निम्न निर्णयहरु भएका छन् ।

१. कोभिड-१९ को संक्षिप्त विवरणमा छलफल भयो । हालसम्म कोभिड-१९ को नयाँ भेरियन्ट बाट परीक्षण ५९०७, संक्रमित २६४२, निको भएका १९७५ र ८४ जनाको मृत्यु भएको समीक्षा गरियो । अझै पनि संक्रमणको दर बढीनै भएको पाईएकोले सवै पालिकाहरुका जोखिम स्थानमा परिक्षण केन्द्र तोकि परीक्षणको दायरालाई बढाउने , परीक्षण गर्दा २०% भन्दा बढी संक्रमित देखिएमा वडा/टोल सिल गरी आवतजावत तथा खरिद बिक्री बन्द गर्ने । परीक्षण गर्ने कार्यको समन्वय स्वास्थ्य कार्यालयले गर्ने ।

२. मिति २०७८/०२/२५ गतेबाट हुने खोप कार्यक्रम सम्पुर्ण वडाबाट संचालन हुन गईरहेकोले स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गराई खोपको सहजीकरण र अनुगमन पालिकाबाट हुने व्यवस्था मिलाउने ।

३. बैंकहरु खुल्ला हुदाँ बढ्न सक्ने भिडभाडजन्य गतिविधीलाई नियन्त्रण गर्न सम्पुर्ण बैंकहरुले सूचना जारी गर्ने , नगर/गाउँपालिकाले नगर प्रहरी समेत परिचालन गरी अनुगमन गर्ने र सदरमुकाम आउने गाडीको सहजीकरण गरिदिने ।




## कोभिड-१९ सन्दर्भमा लुम्विनी प्रदेश स्तरीय बैठक

मिति २०७८/२/७ गते लुम्बिनी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजनामा शान्ति सुरक्षा तथा कोभिड-१९ सन्बन्धमा जुम बैठक सम्पन्न भएको थियो। मन्त्रालयका माननीय मन्त्री श्री चेतनारायण आचार्य ज्यू, माननीय सचिव ज्यू र लुम्विनी प्रदेशका सम्पुर्ण जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूहरुको उपस्थिति रहेको सो बैठकमा प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्मा ज्यूले गुल्मी जिल्लामा नयाँ भेरियन्ट सहितको कोभिड- १९ को संक्रमणको अवस्था , नियन्त्रणका लागि गरिएको पहल तथा उपचारको व्यवस्थाप न सम्बन्धमा जानकारी गराउनुभएको थियो।




## कार्यालय प्रमुखहरुको बैठक

मिति २०७८/०२/०६ गते प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माज्यूको अध्यक्षतामा जिल्ला स्थित कार्यालय प्रमुखहरुको बैठक सम्पन्न भएको छ । सो बैठकमा कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारमा भएका कार्यहरु , निषेधाज्ञाको प्रभाव ,अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति , विकास निर्माण तथा विपद् व्यवस्थापन सम्बन्धमा जुमको माध्यमबाट छलफल भएको थियो ।




## समन्वय तथा सहजिकरण

नयाँ भेरियन्ट सहितको कोभिड- १९ बाट संक्रमित भएका विरामीहरुको उपचारका लागि जिल्ला स्थित र जिल्ला वाहिरका अस्पतालमा माग बमोजिम सहजीकरण गरिएको छ । पछिल्लो भेरियन्टले संक्रमितहरुको श्वासप्रश्वासमा जटिलता उत्पन्न गराएको सोको उपचारमा प्रयोग हुने अक्सिजन जिल्ला स्थित अस्पताल तथा पालिकामा रहेका आईसोलेसन सेन्टरका लागि उपलब्ध गराउन रुपन्देही, नवलपरासी , चितवन, पोखरामा रहेका अक्सिजन उत्पादन गर्ने उद्योगहरु र सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरि अक्सिजन आपूर्तिमा सहजता ल्याईएको छ ।साथै जिल्ला स्थित विभिन्न औषधि व्यावसायीहरुलाई औषधिको अभाव हुन नदिन,अक्सिजनका खालि सिलिण्डर नराख्न र सर्वसाधारण सँग भएका अक्सिजन सिलिण्डर समेत संकलन गरी कोभिड संक्रमितहरुको उपचार भईरहेको अस्पताल /स्वास्थ्य संस्था तथा आईसोलेसन सेन्टरहरुलाई हस्तान्तरण गरिएको छ ।

## जिल्लास्तरीय कमाण्ड पोष्ट

कोभिड १९ को रोकथाम , नियन्त्रण र उपचारमा सहयोग,समन्वय, सहजिकरण, अनुगमन र निर्देशनको लागि २४ सैं घण्टा कमाण्डपोष्टले कार्य गर्दै आइरहेको छ ।

**जिल्ला स्तरीय कमाण्ड पोष्टका पदाधिकारीहरुको सम्पर्क नं**

| | |
|---|---|
| अध्यक्ष प्र.जि.अ. श्री रुद्रादेवी शर्मा | ९८५७०१७७७७ |
| सदस्य प्र.उ. श्री गोपाल चन्द्र भट्टराई | ९८५७०१५५५५ |
| सदस्य सेनानी श्री डायमण्ड कार्की, | ९८५७०६४८६० |
| सदस्य स.प्र.ना.उ.श्री अशोक कुमार लम्साल | ९८५१०४५७७८ |
| सदस्य प्र.अ.अ. श्री सञ्जय भण्डारी, | ९८५७०६४२५४ |
| सदस्य सचिव स .प्र.जि.अ. श्री नारायण प्रसाद भण्डारी | ९८५७०७९०११ |
| प्र.अ. श्री उद्धव पन्थी | ९८५७०६७२४२ |

# सशस्त्र प्रहरी बल नेपालको गतिविधी

- मिति २०७८।०२।१७ गते जिल्ला गुल्मी रेसुङ्गा न.पा.-८ तम्घास बजार ईलाकामा गुल्मी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माज्यूको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख प्र .उ. गोपाल चन्द्र भट्टराई तथा स.प्र.बल, नेपाल नं. ३७ गुल्म हे.क्वा. गुल्मीका गुल्मपति आई.डि.नं. ९७८ का सप्रनाउ अशोक कुमार लम्साल सहितको संयुक्त टोलीले स्वास्थ्य सुरक्षाको नियम पालना गरे नगरेको सम्बन्धमा बजार अनुगमनको क्रममा नियम विपरित चलाएका ५५ वटा मोटर साईकल र ५ वटा चार पाङग्रे सवारी साधनलाई नियन्त्रणमा लिई रु. ५५००/- (पच्पन्न सय) जरीवाना गरेको ।



- मिति २०७८/०२/१० गते ११:०० बजेको समयबाट गुल्मी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माज्यू, जिल्ला प्रहरी कार्यालय गुल्मीका प्र.उ. गोपाल चन्द्र भट्टराई, सशस्त्र प्रहरी बल , नेपाल नं. ३७ गुल्म हे.क्वा.गुल्मीबाट आई.डि.नं. ९७६ का स.प्र.ना.उ. अशोक कुमार लम्साल र राष्ट्रिय अनुसन्धान कार्यालय गुल्मीका प्रमुख अनुसन्धान अधिकृत संजय भण्डारी सहितको संयुक्त टोलीले कोभिड-१९ संक्रमण नियन्त्रणका लागि चन्द्रकोट गाऊँपालिका अन्तर्गत बनाएका कोभिड अस्पतालहरुको अनुगमन गरेको ।

-सशस्त्र प्रहरी बल नेपाल नं. ३७, गुल्म हे.क्वा. गुल्मी ।

- मिति २०७८/०२/१६ गते यस गुल्ममा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरुलाई कोभिड- १९ रोकथाम तथा नियन्त्रण डिउटी परिचालन हुने ध्यान दिनु पर्ने कुराहरु सम्बन्धी गुल्मपति सश स्त्र प्रहरी नायव उपरीक्षक अशोक कुमार लम्सालबाट निर्देशन दिईएको



-कोभिड-१९ रोकथाम तथा नियन्त्रण एवं गुल्मी जिल्लामा लागु भएको निषेधाज्ञा प्रभावकारी कार्यान्वयनका लागि दैनिक रुपमा मोबाईल तथा पैदल गस्ती परिचालन गरिएको ।



## नेपाली सेना संग्राम शार्दुल गुल्म धागीथुम ब्यारेकबाट कोभिड-१९ सम्बन्धमा भएका गतिविधीहरु

१.रेसुङ्गा न.पा.-२ निवासी बर्ष ७५ की तुलसीमाया कार्कीलाई कोभिड-१९ पोजेटिभ भई जिल्ला अस्पताल तम्घासमा आईसोलेशनमा राखिएको अवस्थामा मिति २०७८/०२/०१ गते निधन भएकोमा श व ब्यवस्थापन गरिदिनुहुन भनी जिल्ला प्रशासन कार्यालयबाट लिखित रुपमा आग्रह भई आएकोले मिति २०७७/०२/०१ गते यस गुल्मबाट खट्टिएको शव व्यवस्थापन टोलीले सोही ईश्मा गा .पा.-६ छल्दीखोलामा शव ब्यवस्थापन निर्देशिका - २०७७ बमोजिम शव व्यवस्थापन गरेको ।




२.मालिकागाउंपालिका ७ सिमलटारी निवासी बर्ष ८१ का पुर्ण बहादुर खड्कालाई कोभिड- १९ पोजेटिभ भई रेसुङ्गा अस्पताल गुल्मीमा आईसोलेशनमा राखिएको अवस्थामा मिति २०७८/०२/०१ गते निधन भएकोमा शव ब्यवस्थापन गरिदिनुहुन भनी जिल्ला प्रशासन कार्यालयबाट लिखित रुपमा आग्रह भई आएकोले मिति २०७७/०२/०१ गते यस गुल्मबाट खट्टिएको शव व्यवस्थापन टोलीले सोही ईश्मा गा.पा.-६ छल्दी खोलामा शव ब्यवस्थापन निर्देशिका - २०७७ बमोजिम शव व्यवस्थापन गरेको ।

३. ईश्मा गाउंपालिका ६ राङ्गदल निवासी बर्ष २७ का रमेश महतलाई कोभिड-१९ पोजेटिभ भई रेसुङ्गा अस्पताल गु ल्मीले थप उपचारको लागि रिफर गरेकोमा उपचारको लागि चितवन लैजाने क्रममा मिति २०७८/०२/०२ गते पाल्पामा निधन भएकोमा शव ब्यवस्थापन गरिदिनुहुन भनी जिल्ला प्रशासन कार्यालयबाट लिखित रुपमा आग्रह भई आएकोले मिति २०७७/०२/०२ गते यस गुल्मबाट खट्टिएको शव व्यवस्थापन टोलीले सोही ईश्मा गा.पा.-६ छल्दी खोलामा शव ब्यवस्थापन निर्देशिका - २०७७ बमोजिम शव व्यवस्थापन गरेको ।



४. तनहुँ जिल्ला ब्यास न .पा.-१ निवासी बर्ष ४३ का नेपाल प्रहरीमा कार्यरत गुल्मीमा कार्यरत प्र .स.नि. शम्भुलाल दमाई र गुल्मी जिल्ला गुल्मीदरवार गा .पा.-७ निवासी बर्ष ८१ का शेर बहादुर खत्रीलाईलाई कोभिड- १९ पोजेटिभ भई जिल्ला अस्पताल गुल्मीमा आईसोलेशनमा राखिएको अवस्थामा मिति २०७८/०२/०२ गते निधन भएकोमा शव ब्यवस्थापन गरिदिनुहुन भनी जिल्ला प्रशासन कार्यालयबाट लिखित रुपमा आग्रह भई आएकोले मिति २०७७/०२/०२ गते यस गुल्मबाट खट्टिएको शव व्यवस्थापन टोलीले रेसुङ्गा न.पा.-३ भाटगाउंमा शव ब्यवस्थापन निर्देशिका-२०७७ बमोजिम शव व्यवस्थापन गरेको।



५. रेसुङ्गा न.पा.-१० भाटगाउं निवासी बर्ष ५३ का पोष्टराज पन्थीलाई कोभिड-१९ पोजेटिभ भई जिल्ला अस्पताल गुल्मीमा आईसोलेशनमा राखिएको अवस्थामा मिति २०७८/०२/०४ गते निधन भएकोमा शव ब्यवस्थापन गरिदिनुहुन भनी जिल्ला प्रशासन कार्यालयबाट लिखित रुपमा आग्रह भई आएकोले मिति २०७७/०२/०५ गते यस गुल्मबाट खट्टिएको शव व्यवस्थापन टोलीले रेसुङ्गा न.पा.-१० अर्खलेमा शव ब्यवस्थापन निर्देशिका - २०७७ बमोजिम शव व्यवस्थापन गरेको ।



६. रेसुङ्गा न.पा.-२ धागीथुम निवासी बर्ष ८० का शशिधर कुँवरलाई कोभिड-१९ पोजेटिभ भई जिल्ला अस्पताल गुल्मीमा आईसोलेशनमा राखिएको अवस्थामा मिति २०७८/०२/१३ गते निधन भएकोमा शव ब्यवस्थापन गरिदिनुहुन भनी जिल्ला प्रशासन कार्यालयबाट लिखित रुपमा आग्रह भई आएकोले मिति २०७७/०२/१३ गते यस गुल्मबाट खट्टिएको शव व्यवस्थापन टोलीले रेसुङ्गा न .पा.-३ दह ईलाकामा शव ब्यवस्थापन निर्देशिका - २०७७ बमोजिम शव व्यवस्थापन गरेको ।



७.ईश्मा गा.पा.-६ अमरपुर निवासी बर्ष७८ की ओम कुमारी खत्रीलाई कोभिड-१९ पोजेटिभ भई जिल्ला अस्पताल गु ल्मीमा आईसोलेशनमा राखिएको अवस्थामा मिति २०७८/०२/१५ गते निधन भएकोमा शव ब्यवस्थापन गरिदिनुहुन भनी जिल्ला प्रशासन कार्यालयबाट लिखित रुपमा आग्रह भई आएकोले मिति २०७७/०२/१६ गते यस गुल्मबाट खट्टिएको शव व्यवस्थापन टोलीले ईश्मा गा.पा.-६ अमरपुर थुम्का ईलाकामा शव ब्यवस्थापन निर्देशिका - २०७७ बमोजिम शव व्यवस्थापन गरेको ।



८. धुर्कोट गा.पा.-१ नयाँगाउं निवासी बर्ष ३३ का कृष्ण प्रसाद पोखरेललाई कोभिड- १९ पोजेटिभ भई जिल्ला अस्पताल गुल्मीमा आईसोलेशनमा राखिएको अवस्थामा मिति २०७८/०२/२६ गते निधन भएकोमा शव ब्यवस्थापन गरिदिनुहुन भनी जिल्ला प्रशासन कार्यालयबाट लिखित रुपमा आग्रह भई आएकोले मिति २०७७/०२/२७ गते यस गुल्मबाट खट्टिएको शव व्यवस्थापन टोलीले धुर्कोट गा .पा.-१ ठुल्दी ईलाकामा शव ब्यवस्थापन निर्देशिका - २०७७ बमोजिम शव व्यवस्थापन गरेको ।



## अनुगमन तथा निरीक्षण

- मिति २०७८/०२/१० गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्मा , सहायक प्रमुख जिल्ला अधिकारी श्री नारायण प्रसाद भण्डारी , जिल्ला प्रहरी कार्यालय गुल्मीका प्र.उ. गोपाल चन्द्र भट्टराई, सशस्त्र प्रहरी बल, नेपाल नं. ३७ गुल्म हे.क्वा. गुल्मीका स.प्र.ना.उ. अशोक कुमार लम्साल र राष्ट्रिय अनुसन्धान कार्यालय गुल्मीका प्रमुख अनुसन्धान अधिकृत संजय भण्डारी सहितको संयुक्त टोली बाट कोभिड- १९ संक्रमण नियन्त्रणका लागि चन्द्रकोट गाऊँपालिका अन्तर्गत बनाएका विभिन्न कोभिड अस्पतालहरुको अनुगमन गरिएको छ । सो क्रममा प्रजिअ श्री रुद्रादेवी शर्माले निषेधाज्ञाको पालना भएनभएको , कोभिड-१९ अस्पतालको पूर्वाधारको अवस्था समेत अवगत गरी सुझावहरु समेत दिईएको छ ।त्यसैगरी इलाका प्रहरी कार्यालय चन्द्रकोटको निर्माणाधीन भवनको निरीक्षण गरी समयमै गुणस्तरीय रुपमा सम्पन्न गर्न निर्देशन भएको थियो ।



चन्द्रकोट गाउँपालिकाले तयार गरेको आईसोलेसन सेन्टरको निरीक्षण




मिति २०७८।०२।१७ गते जिल्ला गुल्मी रेसुङ्गा न .पा.-८ तम्घास बजार ईलाकामा गुल्मी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माज्यूको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख प्र.उ. गोपाल चन्द्र भट्टराई, स.प्र.बल, नेपाल नं. ३७ गुल्म हे.क्वा. गुल्मीका गुल्मपति सप्रनाउ अशोक कुमार लम्साल सहितको संयुक्त टोलीले स्वास्थ्य सुरक्षाको नियम पालना गरे नगरेको सम्बन्धमा बजार अनुगमन गरिएको छ । साथै ईजाजत लिएका बाहेकका नियम विपरित चलाएका ५५ वटा मोटर साईकल र ५ वटा चार पाङग्रे सवारी साधनलाई नियन्त्रणमा नियमानुसार जरिवाना गरि छाडिएको थियो । निषेधाज्ञालाई पूर्ण र प्रभावकारी रुपमा पालना गराउन, सचेतना अभिवृद्धि गरी कोभिड-१९ नियन्त्रण तथा रोकथाममा सघाउन पुर्याउन सबैलाई आग्रह गर्दै विभिन्न समयमा जिल्ला का विभिन्न स्थानहरुमा गई अनुमगन गर्ने गरिएको छ ।





## विकास आयोजनाको अनुगमन

### रेसुङ्गा विमानस्थल निर्माण आयोजनाको निरीक्षण

-निषेधाज्ञाको समयमा प्रमुख जिल्ला अधिकारी तथा प्रहरी कार्यालयबाट जिल्लामा निर्माणाधीन रेसुङ्गा विमानस्थलको अनुगमन गरिएको छ । जिल्लाकै महत्वपुर्ण आयोजना को रुपमा रहेको रेसुङ्गा विमानस्थलको अनुगमन गरी धावन मार्ग कालोपत्रे गर्ने कार्य तथा कन्ट्रोल टावर निर्माणको कार्य शीघ्र अगाडी बढाउन निर्देशन भएको छ ।



रेसुङ्गा विमानस्थलको निर्माणाधीन कन्ट्रोल टावर

### सडक निर्माण योजनाको अनुगमन

- प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्मा , जिल्ला प्रहरी कार्यालयका प्रमुख सहित सरोकारवालाहरुको संयुक्त टोलीबाट तम्घास-नेटा सडकको अनुगमन गरिएको छ । तम्घास-नेटा सडकको ट्याक खोली सडक सूचारु राख्न तथा जिल्ला स्थित संघीय , प्रदेश र स्थानीय स्तरका आयोजना समयमानै सम्पन्न गर्न आयोजना प्रमुख / कार्यालय प्रमुखलाई निर्देशन भएको छ ।

### अस्पतालको निरीक्षण तथा निर्देशन

- कोभिड -१९ को पछिल्लो नयाँ भेरियन्टको कारण संक्रमितको संख्या बढ्दै गएको ले प्रमुख जिल्ला अधिकारीबाट नियमित जिल्ला अस्पतालको निरीक्षण गरी जनरल वार्डका विरामीको उपचार , शव व्यवस्थापनमा शीघ्रता तथा अस्पतालबाट विरामीले पाउने सेवा सुविधाको सरलीकरण गर्न , अक्सिजन व्यवस्थापनमा सहजीकरण , समन्वय तथा निर्देशन भएको छ ।

## जिल्ला प्रशासन कार्यालय गुल्मीको अनुरोध

लकडाउनको अवधिमा खाद्यान्न लगायत अत्यावश्यक सामाग्रीहरुको अभाव देखाई मुल्यवृद्धि गरी कालोबजारी गर्ने,कृत्रिम अभाव सिर्जना गर्ने,खाद्यान्न आपुर्तिमा अवरोध गर्ने तथा निशेधाज्ञाको अवज्ञा गरेको पाईएमा जिल्ला प्रशासन कार्यालय गुल्मीमा यथाशीघ्र जानकारी गराउनुहुन अनुरोध छ ।

## बजार अनुगमन

कोभिड-१९ को समयमा हुन सक्ने कालोबजारी, मुल्य वृद्धि, कृत्रिम अभाव, म्याद गुज्रेका सामाग्रीको विक्री वितरणको रोकथाम, नियन्त्रण तथा नियमन गर्न जिल्ला प्रशासन कार्यालयको अगुवाईमा जिल्लाकै मुख्य व्यापारिक केन्द्रको रुपमा रहेको रेसुङ्गा नगरपालिका र मुसिकोट नगरपालिका अन्तर्गतका वजार क्षेत्रहरुमा वजार अनुगमन गरिएको छ । प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्मा, सहायक प्रमुख जिल्ला अधिकारी श्री नारायण प्रसाद भण्डारी, प्रशासकीय अधिकृत श्री उद्धव पन्थी, नायव सुब्बा श्री प्रेमराज खनालबाट विभिन्न मितिमा जिल्ला स्थित घरेलु तथा साना उद्योग विकास कार्यालयका प्रमुख श्री लक्ष्म ण घिमिरे, जिल्ला प्रहरी कार्यालय, नेपाल पत्रकार महासंघ र सरोकारवाला निकायहरुको समन्वयमा वजार अनुगमन भएको हो । उक्त अनुगमनमा म्याद नाघेका र अखाद्य चाउचाउ, विस्कुट, चिजवल्स, मिटमसला, सूजी, आटा, विस्कुट, धुलो दुध, दन्तमञ्जन लगायतका करिव रु. १५,०००/- मुल्य बरावरको खाद्य तथा अन्य सामग्रीहरु जफत गरिएको छ ।





अनुगमन गरिएका अधिकांस पसलहरुमा मुल्य सूची नराखेको, खरिद तथा विक्री विल प्रयोग नगरेको, मुल्य अभिवृद्धि करमा दर्ता तथा स्थायी लेखा नं. नलिएको, पसलको कारोबार गर्ने उदेश्य फरक परेको, उद्योग तथा स्थानीय तहहरुमा दर्ता नगरेको, मदिराको छुट्टै स्टल नराखेको र म्याद नाघेका खाद्यवस्तु तथा अन्य सामाग्रीहरु छुट्टाएर नराखेको पाईएकोले उल्लेखित पक्षमा सुधारको लागी सुझाव दिइएको छ ।






## प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माज्यूबाट जारी भएका आदेशहरु

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
तम्घास, गुल्मी

फोन नं. ०७९-५२०१३३
प्र.जि.अ.
फोन नं. ०७९-
५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard
1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं ०७७/०७८
च.नं.

**गुल्मी जिल्लाका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माबाट मिति २०७८/०२/०३ मा जारी आदेश ।**

विगतका केही दिन यता विश्वमा फैलिदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड–१९ को महामारी नेपालमा पनि फैलिएको र गुल्मी जिल्लामा समेत यसको संक्रमण तिव्ररुपमा बढी रहेको हुंदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार (मं.प.) को मिति २०७८।१।०६ र १३ गतेको निर्णय तथा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC), गुल्मीको मिति २०७८।०२।०३ गतेको बैठकको सिफारिसको आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०२/०४ गते मंगलवार राती १२ बजे देखि २०७८/०२/१५ गते शनिवार राती १२ बजे सम्म गुल्मी जिल्लाभरलागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ। यो आदेशको पालना गर्नु गराउनु हुन सबै व्यक्ति, निकाय, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ । कसैले यो आदेशको उल्लंघन गरेमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

देहाय:

१. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।

२. सबै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन गर्न निषेध गर्ने।

३. विद्यालय, शिक्षालय, तालिम केन्द्र, सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लब, फुटसल, जिमखाना, ब्युटी पार्लर, शैलुन, सुनचांदी पसल, टेलरिङ्ग, फुटपाथ पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने ।

४. मठ मन्दिरहरु तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा बाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु बन्द गर्ने ।

५. एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधनहरु, क्वारेन्टिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारीसाधन, अत्यावश्यक सेवाका सवारी साधन, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक गुल्मी जिल्लाभर यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने । जिल्ला बाहिर

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

१

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
तम्घास, गुल्मी

फोन नं. ०७९-५२०१३३
प्र.जि.अ.
फोन नं. ०७९-
५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard
1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं ०७७/०७८
च.नं.

निर्माण तथा खाद्य सामाग्रीका सवारी साधन २०७८ जेठ ७ गते, १० गते र १३ गते मात्र सञ्चालन गर्न पाउने ।

६. विवाह, व्रतवन्ध, धार्मिक सामाजिक कार्य, देवाली तथा कुलपुजाको कार्यक्रम नगर्ने ।

७. औषधी एवम् स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने। अत्यावश्यक दैनिक उपभोगका सामग्री जस्तै पेट्रोलियम पदार्थ, दुध, पानी, ग्यांसका पसलहरु दिनमा १ पटकमात्र विहान ७.०० वजेबाट ९.०० वजेसम्म मात्र संचालन गर्न पाउने तर खाद्यान्न फलफुल, तरकारी, माछा, मासु, निर्माण सामाग्री निशेधाज्ञा अवधिमा २०७८ जेठ ७ गते, १० गते र १३ गते विहान ७ बजेदेखि ९ बजे सम्म सञ्चालन गर्न पाउने र सबै पालिकाहरुले सोहि मितिमा मात्र जिल्लाभित्र खाद्यान्न ढुवानीको लागि सवारी साधन पठाउने व्यवस्था मिलाउने ।

८. निर्माण सामाग्री ढुवानीका साधनहरु जिल्लाभित्र बेलुका ६ बजेदेखी बिहान ७ बजे सम्म मात्र चल्न पाउने ।

९. स्वास्थ्य सुरक्षा, संचार, विद्युत, खानेपानी, दमकल बाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालय बाट प्रदान गरिने सबै प्रकारका सेवाहरु बन्द गर्ने ।

१०. अत्यावश्यकीय तथा मानवीय कार्यका लागि बाहेक बैंक तथा वित्तिय संस्था (बिमा कम्पनी, सहकारी समेत) को सेवा बन्द गर्ने ।

११. अत्यावश्यक उपभोग्य तथा खाद्यवस्तुको आपूर्तीको व्यवस्था गुल्मी उद्योग वाणिज्य संघ, मुसिकोट नगर उद्योग वाणिज्य संघ तथा च्याम्बर्स अफ कमर्सले मिलाउने ।

१२. आयोजनामा काम गर्ने कामदारलाई कार्यस्थलमै रहने व्यवस्था मिलाई विकास निर्माणका आयोजना सुचारु गर्ने ।

१३. निषेधाज्ञा अवधिभर अत्यावश्यक सेवा बाहेक अन्य प्रयोजनको लागि सवारी पास जारी नहुने । अत्यावश्यक कामको लागि जारी हुने सवारी पास इलेक्ट्रोनिक माध्यमबाट मात्र हुने ।

१४. औषधी तथा अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तीमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, लुकाउने, सहज आपूर्तीमा अवरोध गर्ने उपर कारवाही गरिनेछ ।

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

२

फोन नं. ०७९-५२०१३३
प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard
1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
तम्घास,गुल्मी

प.सं ०७७/०७८
च.नं.

### गुल्मी जिल्लाका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मावाट मिति २०७८/०२/१४ मा जारी आदेश ।

गुल्मी जिल्लामा अझैपनि नयाँ भेरियन्टको संक्रमण दर उच्च रहेको हुंदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), गुल्मीको मिति २०७८।०२।१४ गतेको बैठकको सिफारिसको आधारमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ४ र ५, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०२/१५ गते शनिवार राती १२ बजे देखि २०७८/०२/२४ गते सोमवार राती १२ बजे सम्म गुल्मी जिल्लाभर लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ। यो आदेशको पालना गर्नु गराउनु हुन सबै व्यक्ति, निकाय, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ । कसैले यो आदेशको उल्लंघन गरेमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

देहाय:

**क संचालन गर्न नपाइने सेवा तथा कार्यहरु**

१. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने र अत्यावश्यक कामका लागि निस्कनै पर्दा जनस्वास्थ्यका मापदण्ड पालना गर्नुपर्ने ।
२. सबै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन गर्न निषेध गर्ने।
३. विद्यालय, शिक्षालय, तालिम केन्द्र, सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, ब्युटी पार्लर, शैलुन, सुनचांदी पसल, टेलरिङ्ग, फुटपाथ पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने ।
४. मठ मन्दिरहरु तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा बाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु बन्द गर्ने ।
५. मृत्यु संस्कारमा १० जना भन्दा बढी सहभागी हुन नपाइने ।
६. विवाह, ब्रतवन्ध, धार्मिक सामाजिक कार्य, देवाली तथा कुलपुजाको कार्यक्रम नगर्ने ।
७. सरकारी तथा गैरसरकारी कार्यालय बाट प्रदान गरिने सबै प्रकारका सेवाहरु बन्द गर्ने ।
८. यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने ।

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

१

फोन नं. ०७९-५२०१३३
प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard
1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तम्घास,गुल्मी

प.सं ०७७/०७८
च.नं.

**ख संचालन गर्न पाइने सेवा तथा कार्यहरु**

१. औषधी एवंम् स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने। अत्यावश्यक दैनिक उपभोगका सामग्री जस्तै पेट्रोलियम पदार्थ, दुध, पानी, ग्याँस, खाद्यान्न, फलफुल, तरकारी, माछा, मासु, पशुपन्छीका दाना, एग्रोभेट, निर्माण सामाग्री निशेधाज्ञा अवधिमा बिहान ९ बजे सम्म सञ्चालन गर्न पाउने ।
२. स्वास्थ सुरक्षा, संचार, विद्युत, खानेपानी, दमकल दैनिक रुपमा संचालन गर्न पाउने ।
३. अत्यावश्यकीय तथा मानवीय कार्यका लागि मात्र बैंकहरुले सहजीकरण गर्ने (वित्तिय कम्पनी, सहकारीहरु बन्द रहने) ।

**ग. संचालन गर्न पाउने सवारी साधन**

१. एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्याँस, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधनहरु, क्वारेन्टिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारीसाधन, अत्यावश्यक सेवाका सवारी साधन, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु ।
२. अन्तराष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हकमा हवाई टिकट, पासपोर्ट र भिषाको निस्साको आधारमा सिधै एयरपोर्ट जाने सवारी साधन ।

घ. अत्यावश्यक उपभोग्य तथा खाद्यवस्तुको आपूर्तीको व्यवस्था गुल्मी उद्योग वाणिज्य संघ, मुसिकोट नगर उद्योग वाणिज्य संघ तथा च्याम्बर्स अफ कमर्सले मिलाउने ।

ङ. आयोजनामा काम गर्ने कामदारलाई कार्यस्थलमै रहने व्यवस्था मिलाई विकास निर्माणका आयोजना सुचारु गर्ने ।

च. निषेधाज्ञा अवधिभर अत्यावश्यक सेवा बाहेक अन्य प्रयोजनको लागि सवारी पास जारी नहुने । अत्यावश्यक कामको लागि जारी हुने सवारी पास इलेक्ट्रोनिक माध्यमबाट मात्र हुने ।

छ. औषधी तथा अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तीमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, लुकाउने, सहज आपूर्तीमा अवरोध गर्ने उपर कारवाही गरिनेछ ।

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

२

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
तम्घास,गुल्मी

फोन नं. ०७९-५२०१३३
प्र.जि.अ.
फोन नं. ०७९-५२०४४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard
1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं ०७७/०७८
च.नं.

## गुल्मी जिल्लाका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मावाट मिति २०७८/०२/२३ मा जारी आदेश ।

गुल्मी जिल्लामा अझैपनि नयाँ भेरियन्टको संक्रमण दर उच्च रहेको हुंदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), गुल्मीको सिफारिस बमोजिम २०७८/०२/२४ गते सोमबार राती १२ बजेसम्म कायम रहेको निषेधाज्ञालाई मिति २०७८/०२/२२ गतेको DCMC को बैठकको सिफारिसको आधारमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ४ र ५, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०२/२४ गते सोमबार राती १२ बजे देखि २०७८/०२/३१ गते सोमबार राती १२ बजे सम्म गुल्मी जिल्लाभर लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ। यो आदेशको पालना गर्नु गराउनु हुन सबै व्यक्ति, निकाय, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ । कसैले यो आदेशको उल्लंघन गरेमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

देहाय:

क <u>संचालन गर्न नपाइने सेवा तथा कार्यहरु</u>

१. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने र अत्यावश्यक कामका लागि निस्कनै पर्दा जनस्वास्थ्यका मापदण्ड पालना गर्नुपर्ने ।
२. सबै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन गर्न निषेध गर्ने।
३. विद्यालय, शिक्षालय, तालिम केन्द्र, सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, ब्युटी पार्लर, शैलुन, सुनचांदी पसल, टेलरिङ्ग, फुटपाथ पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने ।
४. मठ मन्दिरहरु तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा बाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु बन्द गर्ने ।
५. मृत्यु संस्कारमा १० जना भन्दा बढी सहभागी हुन नपाइने ।
६. विवाह, व्रतवन्ध, धार्मिक सामाजिक कार्य, देवाली तथा कुलपुजाको कार्यक्रम नगर्ने ।
७. सरकारी तथा गैरसरकारी कार्यालय बाट प्रदान गरिने सबै प्रकारका सेवाहरु बन्द गर्ने ।
८. यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने ।

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

१

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
तम्घास,गुल्मी

फोन नं. ०७९-५२०१३३
प्र.जि.अ.
फोन नं. ०७९-५२०४४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard
1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं ०७७/०७८
च.नं.

९. निषेधाज्ञाको कारण रोजगारी गुमाएका, दैनिक गुजारा गर्न नसक्ने असहाय, विपन्नको लागि सबै स्थानीयतहको वडाहरुबाट लगत संकलन गर्ने । राहत दिन चाहने संघ/संस्था तथा निकायले स्थानीय तहको समन्वयमा वडाले पहिचान गरेका लक्षित वर्गलाई मात्र राहत वितरण गर्ने, आफूखुशी रकम संकलन गरी राहत बाँड्ने कार्य बन्द गर्ने ।

ख <u>संचालन गर्न पाइने सेवा तथा कार्यहरु</u>

१. औषधी एवम् स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने। अत्यावश्यक दैनिक उपभोगका सामग्री जस्तै पेट्रोलियम पदार्थ, दुध, पानी, ग्याँस, खाद्यान्न फलफुल, तरकारी, माछा, मासु, पशुपन्छीका दाना, एग्रोभेट, निर्माण सामाग्री निशेधाज्ञा अवधिमा बिहान ७ बजेदेखी बिहान १० बजेसम्म सञ्चालन गर्न पाउने ।
२. स्वास्थ सुरक्षा, संचार, विद्युत, खानेपानी, दमकल दैनिक रुपमा संचालन गर्न पाउने ।
३. वाणिज्य तथा विकाश बैंक (बिमा कम्पनी, वित्तिय संस्था तथा सहकारी बाहेक) हरु बिहान ७ बजेदेखी बिहान १० बजेसम्म सञ्चालन हुने ।

ग. <u>संचालन गर्न पाउने सवारी साधन</u>

१. एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधनहरु, क्वारेन्टिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारीसाधन, अत्यावश्यक सेवाका सवारी साधन, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु ।
२. अन्तराष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हकमा हवाई टिकट, पासपोर्ट र भिषाको निस्साको आधारमा सिधै एयरपोर्ट जाने सवारी साधन ।

घ. अत्यावश्यक उपभोग्य तथा खाद्यवस्तुको आपूर्तीको व्यवस्था गुल्मी उद्योग वाणिज्य संघ, मुसिकोट नगर उद्योग वाणिज्य संघ तथा च्याम्बर्स अफ कमर्सले मिलाउने ।

ङ. आयोजनामा काम गर्ने कामदारलाई कार्यस्थलमै रहने व्यवस्था मिलाई विकास निर्माणका आयोजना सुचारु गर्ने ।

च. निषेधाज्ञा अवधिभर अत्यावश्यक सेवा बाहेक अन्य प्रयोजनको लागि सवारी पास जारी नहुने । अत्यावश्यक कामको लागि जारी हुने सवारी पास इलेक्ट्रोनिक माध्यमबाट मात्र हुने ।

छ. औषधी तथा अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तीमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, लुकाउने, सहज आपूर्तीमा अवरोध गर्ने उपर कारवाही गरिनेछ ।

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

२

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
तम्घास, गुल्मी

फोन नं. ०७९-५२०१३३
प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
**noticeboard**
**1618079520833**
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं ०७७/०७८
च.नं.

## गुल्मी जिल्लाका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मावाट मिति २०७८/०२/३१ मा जारी आदेश ।

गुल्मी जिल्लामा नयाँ भेरियन्टको संक्रमण दर केही न्यून भएतापनि जोखिम कायमै रहेको हुंदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि २०७८/०२/२४ गते सोमबार राती १२ बजे देखी २०७८/०२/३१ गते सोमबार राती १२ बजेसम्म कायम रहेको निषेधाज्ञालाई मिति २०७८/०२/३१ गतेको DCMC को बैठकको सिफारिस तथा ऐ.ऐ. जिल्ला सुरक्षा समितिको बैठकको निर्णयको आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ४ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०२/३१ गते सोमबार राती १२ बजे देखि २०७८/०३/०७ गते सोमबार राती १२ बजे सम्म गुल्मी जिल्लाभर लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ। यो आदेशको पालना गर्नु गराउनु हुन सबै व्यक्ति, निकाय, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ । कसैले यो आदेशको उल्लंघन गरेमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सवैमा जानकारी गराइन्छ ।

देहायः

क. <u>संचालन गर्न नपाइने सेवा तथा व्यवसायहरुः</u>

१. सवै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा समुहमा खेलिने कुनै पनि प्रकारको खेलकुदहरु ।
२. विद्यालय, शिक्षालय, तालिम केन्द्र, सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, व्युटी पार्लर, शैलुन, सुनचांदी पसल, कपडा तथा फेन्सी पसल, भाँडा पसल, टेलरिङ्ग, फुटपाथ पसलहरु ।
३. मठ मन्दिरहरु तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा वाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु ।
४. सरकारी तथा गैरसरकारी कार्यालयबाट प्रदान गरिने सवै प्रकारका सेवाहरु ।
५. यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरु ।

ख. <u>संचालन गर्न पाइने सेवा तथा कार्यहरुः</u>

१. औषधी एवम् स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने।
२. अत्यावश्यक दैनिक उपभोगका सामग्री जस्तै पेट्रोलियम पदार्थ, दुध, पानी, ग्याँस, खाद्यान्न फलफुल, तरकारी, माछा, मासु, पशुपन्छीका दाना, निर्माण सामाग्री, स्टेशनरी तथा पुस्तक पसल निषेधाज्ञा अवधिमा बिहान ७ बजेदेखी बिहान ११ बजेसम्म सञ्चालन गर्न पाउने ।
३. स्वास्थ सुरक्षा, संचार, विद्युत, खानेपानी, भेटिनरी, एग्रोभेट, दमकल दैनिक रुपमा संचालन गर्न पाउने ।
४. सवारी साधन मर्मतका लागि वर्कसपहरु साँझ ७ बजेसम्म संचालन गर्ने ।
५. शैक्षिक संस्थाहरुले वैकल्पिक सिकाइको (अनलाइन/भर्चुअल) माध्यमबाट पठन पाठन कार्यहरु संचालन गर्न पाउने ।

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी
२०७८/०२/३१

१

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
तम्घास, गुल्मी

फोन नं. ०७९-५२०१३३
प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
**noticeboard**
**1618079520833**
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं ०७७/०७८
च.नं.

६. अत्यावश्यक बाहेकका सरकारी कार्यालय तथा सार्वजनीक निकायहरुले कार्यालय खोली आन्तरिक कार्य गर्ने ।
७. कार्यालयबाट सेवा प्रदान गर्नेगरी वाणिज्य तथा विकास बैंक, बिमा कम्पनी, वित्तिय संस्था तथा सहकारीहरु बिहान ७ बजेदेखि बिहान ११ बजेसम्म सञ्चालन हुने ।

ग. <u>संचालन गर्न पाउने सवारी साधनहरुः</u>

१. एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, कृषि मल तथा बीउ, पुस्तक बोकेका सवारी साधन, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधन, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधन, चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधन, औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधन, क्वारेन्टिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारी साधन, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधन र अन्य अत्यावश्यक सेवाका सवारी साधन ।
२. अन्तराष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हकमा हवाई टिकट, पासपोर्ट र भिषाको निस्साको आधारमा सिधै एयरपोर्ट जाने सवारी साधन ।
३. विवाहको लागि बेहुला र बेहुली सहित १० जनामा नबढ्ने गरी ब्यानर सहितको सवारी साधन ।

घ. <u>विविधः</u>

१. स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा, सामुदायीक स्वास्थ्य केन्द्र अनिवार्य रुपमा खोली आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने ।
२. अत्यावश्यक सेवामा प्रयोग हुने सवारी साधन बाहेक अन्य सवारी साधन नचलाउने, विरामी ओसारपसार तथा मृत्यु संस्कारमा प्रशासनको अनुमती लिने, अनुमती लिन तत्काल सम्भव नभए सुरक्षाकर्मीलाई मौखीक जानकारी गराएर मात्र हिड्ने ।अत्यावश्यक कामको लागि जारी हुने सवारी पास इलेक्ट्रोनिक माध्यमबाट मात्र हुने ।
३. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने र अत्यावश्यक कामका लागि निस्कनै पर्दा जनस्वास्थ्यका मापदण्ड पालना गर्नुपर्ने ।
४. विवाह, व्रतवन्ध, मृत्यु संस्कार जस्ता संस्कार तथा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी घर परिवारका सदस्य १० जना नबढ्ने गरी निजी घरमा सम्पन्न गर्ने । होटल तथा पार्टी प्यालेसमा संचालन गर्न नपाइने ।
५. राष्ट्रिय गौरवका र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा काम गर्ने कामदारलाई कार्यस्थलमै रहने व्यवस्था मिलाई विकास निर्माणका आयोजना संचालन गर्ने ।
६. अत्यावश्यक उपभोग्य तथा खाद्यवस्तुको आपूर्तीको व्यवस्था गुल्मी उद्योग वाणिज्य संघ, मुसिकोट नगर उद्योग वाणिज्य संघ तथा च्याम्बर्स अफ कमर्सले मिलाउने ।
७. औषधी तथा अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाको आपूर्तीमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, लुकाउने, सहज आपूर्तीमा अवरोध गर्ने उपर कारवाही गरिनेछ ।

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी
२०७८/०२/३१

२

## तस्वीर संग्रह



निषेधाज्ञाको अनुगमनको क्रममा प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्मा सहित सुरक्षा निकायका प्रमुखहरु




बजार अनुगमन

प्रकाशक

नेपाल सरकार

गृह मन्त्रालय

**जिल्ला प्रशासन कार्यालय गुल्मी**

जिल्ला कोभिड १९ व्यवस्थापन समिति

(District Covid 19 Management Committee, DCMC)

**संयोजक — रुद्रादेवी शर्मा, प्रमुख जिल्ला अधिकारी**

फोकल पर्सन- उद्धव पन्थी (प्रशासकीय अधिकृत), सेटिङ्ग- रण बहादुर थापा (खरिदार)

*Email- daogulmi2046@gmail.com , Contact No. 079520833/520133, Facebook.com/daogulmi*